# प्रेस विज्ञप्ती

*मिति : २०७५/०६/११*

नेपालको संविधान २०७२ ले संघीयतामा आधारित शासकीय स्वरुपको ढाँचा अवलम्बन समेत गरेको छ। संघ, प्रदेश र स्थानीय सरकारले आकार पनि लिई सकेको छ। संविधानले तीनवटै तहले सम्पादन गर्नुपर्ने कामको समेत किटानी गरेको छ। सोही अनुरुप प्रदेश नं ७ को संसदमा स्थायी राजधानी र नामाङ्कनका लागि सुझाव र नामाङ्कनका लागि गठित विशेष सुझाव समितिको प्रतिवेदन तीन दिन पहिले पेश समेत भएको छ।

बिशेष सुझाव समितिका संयोजक तारा लामातामाङको नेतृत्वमा गठन भएको संसदीय समितीले तयार पारेको प्रतिवेदन प्रति मेरो आपत्ती छ। यस प्रतिवेदन प्रति असन्तुष्टि जनाउदै धनगढीका बासिन्दा आन्दोलनमा उत्रिएका छन्। अस्थायी राजधानी धनगढीमा राज्यले ठूलो लगानी लगाई सकेको अबस्थामा जसरी गोदावरी नगरपालीका ४ तेघरीको जंगलमा राजधानी तोक्ने गरि सुझाव आयो यसमा बन तस्कर र भु-माफीयाहरु समेतको संलग्नता छ भन्ने मेरो बुझाई हो।

अस्थायी राजधानी समेत भएको धनगढी नगरका बासिन्दा संग सामान्य सुझाव समेत नलिएर जसरी भावना माथी चोट पुऱ्याउने काम भयो यसकै आवेग र आक्रोसमा बुधवारको केहि गलत सब्द निस्कीन गएका हुन। नगरबासीहरुको उचित आन्दोलनमा मेरो ऐक्यवद्धता रहेको अनुरोध गर्दै अन्याय प्रतिको आक्रोसमा भएको त्रुटी प्रति आत्मसमिक्षा गर्दछु। उपलब्ध संरचना छोडेर जंगल फडानी गरिनु हुदैन भन्ने पक्षमा अडिक रहेको ब्यहोरा सबैमा अनुरोधका साथ जानकारी गराउन चाहन्छु।

नगर प्रमुख

नृपबहादुर वड

नगरप्रमुख

धनगढी उप-महानगरपालीका धनगढी कैलाली